पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शैक्षिक प्रशासन महाशाखा**
गण्डकी प्रदेश, कास्की ।

## श्री कक्षा ८ संचालित सम्पूर्ण सामुदायिक एंव संस्थागत विद्यालयहरु, पोखरा महानगरपालिका, कास्की

**विषय : आधारभूत तह उतिर्ण परीक्षा (कक्षा-८) को परीक्षा सञ्चालन सम्बन्धी निर्देशन**

प्रस्तुत विषयमा यस महानगरद्वारा सञ्चालन हुने आधारभूत तहको अन्त्यमा लिइने (कक्षा-८) परीक्षाको समय तालिका एवं परीक्षा सम्बन्धी अन्य निर्देशन निम्न अनुसार तय गरिएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन महानगरपालिका अन्तर्गतका कक्षा-८ सञ्चालन भएका सम्पूर्ण विद्यालयहरुलाई जानकारी गराइन्छ ।

### समय तालिका

परीक्षा सञ्चालन समय विहान १०:३० बजेबाट

| क्र.सं. | मिति | बार | साधारण विद्यालय तर्फ | संस्कृत विद्यालय तर्फ | गुरुकुल विद्यालय तर्फ |
|---|---|---|---|---|---|
| १ | २०७५ ११ २७ | सोमबार | नेपाली | नेपाली | नेपाली |
| २ | २०७५ ११ २८ | मंगलवार | अंग्रेजी | अंग्रेजी | अंग्रेजी संस्कृत भाषा |
| ३ | २०७५ ११ २९ | बुधबार | सामाजिक अध्ययन र जनसंख्या | सामाजिक अध्ययन र जनसंख्या | सामाजिक अध्ययन र जनसंख्या |
| ४ | २०७५ ११ ३० | बिहिवार | पेशा व्यवसाय प्रविधि शिक्षा | पेशा व्यवसाय कर्मकाण्ड | पेशा व्यवसाय कर्मकाण्ड |
| ५ | २०७५ १२ ०१ | शुक्रबार | विज्ञान तथा वातावरण | विज्ञान स्वा.शा. शिक्षा | वेद वा नितिशास्त्र |
| ६ | २०७५ १२ ०३ | आइतवार | गणित | गणित | गणित |
| ७ | २०७५ १२ ०४ | सोमबार | १. स्वास्थ्य शारीरिक<br>२. नैतिक शिक्षा | संस्कृत व्याकरण | संस्कृत व्याकरण |
| ८ | २०७५ १२ ०५ | मंगलवार | मातृभाषा स्थानिय विषय संस्कृत कम्प्युटर अन्य | संस्कृत भाषा | संस्कृत रचना |
| ९ | २०७५ १२ ०७ | बिहिवार | प्रयोगात्मक कम्प्युटर | प्रयोगात्मक | प्रयोगात्मक |

१. सम्बन्धित विद्यालयलाई परीक्षा केन्द्र र सोही विद्यालयका प्र.अ. लाई केन्द्राध्यक्ष तोकिएको छ ।
२. प्रश्नपत्रको प्याकेट खोल्दा प्याकेटमा लेखिएको मिति र विषय राम्रो संग हेरी ३ जनाको रोहवरमा प्र.अ. ले परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडी मुचुल्का गरी खोल्नु पर्नेछ ।
३. प्रश्नपत्रको प्याकेट खोल्दा कुनै त्रुटी फेला परेमा सुरक्षित एवं गोप्य राखी शैक्षिक प्रशासन महाशाखामा खबर गरी प्राप्त निर्देशन बमोजिम अगाडी बढनु पर्ने छ ।
४. परीक्षाको दिन कुनै आकस्मिक विदा पर्न गएमा पनि परीक्षा समितिको पूर्व सूचना बिना परीक्षा स्थगित हुने छैन ।
५. प्रश्नपत्र बुझेर लैजाने एवं गोप्य रुपमा राखी मर्यादित ढंगले परीक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी केन्द्राध्यक्ष को हुने छ ।
६. विद्यालयहरुले परीक्षा समिति मार्फत प्रश्नपत्र, उत्तरपुस्तिका, उत्तरकुञ्जिका लगायतका सामाग्रीहरु बुझिलिनु पर्नेछ र पेपर लगायतका अन्य सामाग्रीको व्यवस्था विद्यालय स्वयंले गर्नु पर्ने छ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

छेत्र प्रसाद आचार्य
उप-सचिव

७. विद्यालयले विषय शिक्षक मार्फत उत्तरपुस्तिका परीक्षण गरे पश्चात् सम्परीक्षणको लागि परीक्षा समितिले तोकेको सम्परीक्षण केन्द्रमा प्राप्ताङ्कलाई मार्कस्लिपमा उतार गरी शिलबन्दी प्याकेट बनाई लैजानु पर्नेछ ।

८. परीक्षा केन्द्रमा सम्परीक्षकले दिएको प्राप्ताङ्कलाई यस कार्यालयबाट उपलब्ध गराईएको Entry Format मा इन्ट्री गरी Electronic र Hard Copy दुवै तोकिएको ठाउँमा बुझाउनु पर्ने छ ।

९. परीक्षा सञ्चालन गर्दा कार्यालयबाट उपलब्ध गराईएको वर्णानुक्रम अनुसारको सिम्बोल नम्बर अनुसार १ बेन्चमा दुई जना परीक्षार्थी राखी मर्यादित ढंगले परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

१०. विशिष्टिकरण तालिका बमोजिम सम्पूर्ण विद्यालयहरूले प्रयोगात्मक परीक्षा सञ्चालन गरी दिइएको ढाँचामा अंक प्रविष्ट गरी सैद्धान्तिक अंक समेत प्रविष्ट गरी ल्याउनु पर्ने छ ।

११. स्थानीय विषय अन्तर्गत Computer बाहेक अन्य विषय अध्यापन गराउने विद्यालयले सम्बन्धित विषयमा विषय शिक्षक मार्फत प्रश्नपत्र निर्माण गर्न लगाई स्वयंले परीक्षा लिनु पर्नेछ ।

१२. उत्तरपुस्तिका सम्परीक्षणको लागि तोकिएको परीक्षा केन्द्रमा गणित, विज्ञान, अंग्रेजी, समाजिक अध्ययन र जनसंख्या, नेपाली गरी ५ विषयका उत्तरपुस्तिका मात्र लैजानु पर्नेछ । अन्य विषयको सम्परीक्षणको व्यवस्थापन सम्बन्धित विद्यालयले नै गर्नु पर्नेछ ।

१३. उत्तरपुस्तिका परीक्षण गर्दा अनिवार्य रुपमा पहिलो पृष्टमा दिईएको टेबुलमा टेबुलेसन गर्नुपर्ने छ ।

१४. विद्यालयले परीक्षा शाखालाई उपलब्ध गराएको विद्यार्थीले हासिल गरेको अङ्कलाई परीक्षा समितिले Grade system मा रुपान्तरण गरी Grade Sheet विद्यार्थीलाई उपलब्ध गराईने छ ।

१५. सम्बन्धित विद्यालयले जुन विषयको परीक्षा भएको हो त्यसको ४ दिन भित्र उत्तरपुस्तिका परीक्षण गरी सम्परीक्षणको लागि तोकिएको सम्परीक्षण केन्द्रमा पुऱ्याउनु पर्नेछ । साथै सम्परीक्षण केन्द्रबाट सम्परीक्षण गरी ३ दिन भित्र अंक पुनः विद्यालयमा ल्याई अंक Entry गरी मिति २०७५/१२/१५ भित्र Electronic एवं Hard Copy दुवै शैक्षिक प्रशासन महाशाखा अन्तर्गतको परीक्षा शाखामा बुझाउनु पर्नेछ ।

१६. गुरुकुल एवं संस्कृत धार तर्फका विद्यालयले साधारण धार तर्फका मिल्दा विषयमात्र सम्परीक्षणको लागि सम्परीक्षण केन्द्रमा लैजानु पर्नेछ ।

१७. तिब्बतीयन भाषा अध्ययन गराउने विद्यालयले प्रश्नपत्र आफै तयार गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

१८. कुनै विद्यालयमा पठाईएका प्रश्नपत्र कुनै कारणवंश नपुग भएमा मुचुल्का उठाई प्रश्न पत्रलाई फोटो कपी गरेर समेत सञ्चालन गर्न सकिनेछ ।

१९. प्रश्नपत्र एवं लगायतका अन्य सामाग्री केन्द्राध्यक्षले सम्बन्धित विद्यालयको पत्र सहित मिति २०७५/११/२१ गते देखि २०७५/११/२५ सम्म महानगर शैक्षिक प्रशासन महाशाखा संग सम्पर्क गरी बुझिलिनु पर्नेछ ।

२०. महानगर भित्र रहेका सम्पूर्ण संस्थागत विद्यालयहरूले परीक्षा समितिको नाममा खोलीएको राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक शाखाको च.हि.नं. ३०२०००१७४८०१ मा प्रति विद्यार्थी रु. २३०।- का दरले मिति २०७५/११/१५ भित्र जम्मा गरी सोको सक्कल भौचर शैक्षिक प्रशासन महाशाखामा बुझाउनु पर्नेछ ।

हेम प्रसाद आचार्य
शैक्षिक प्रशासन महाशाखा
प्रमुख
पोखरा महानगरपालिका,
कास्की

गण्डकी प्रदेश, नेपाल